# नेपाल बाल संगठन र काठमाडौं विश्वविद्यालय बीच भएको करार सम्झौता

लिखितम् का.जि.का.म.पा.वडा नं.१ नक्साल स्थित नेपाल बाल संगठनको तर्फबाट अख्तियार प्राप्त ऐ. को केन्द्रीय कार्य समितिका अध्यक्ष विद्या उपाध्याय न्यौपाने - १ (जसलाई प्रथम पक्ष मानिएको छ ) काभ्रेपलान्चोक स्थित काठमाडौं विश्वविद्यालयको तर्फबाट अख्तियार प्राप्त काठमाडौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङका डिन प्रा. डा.मनिष पोखरेल - १ (जसलाई दोस्रो पक्ष मानिएको छ) आगे हामीहरुबीच तपसिलमा उल्लेखित शर्तहरु बमोजिम हुने गरी मूलुकी देवानी संहिता, २०७४ को भाग ५ करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्थाको अधिनमा रही यो करारनामा हामीहरुको राजी खुशीसाथ दोस्रो पक्षको कार्यालयमा बसी लेखी सहीछाप गरी एक/एक प्रति लियौं/दियौं ।

**शर्तहरू :-**

१. प्रथम पक्षको भोगाधिकारमा रही विगतमा समाजकल्याण बालगृह समेत संचालनमा रहेको पूर्व बाटो, पश्चिम राजकुलो र हाइटेन्सन लाईन, उत्तर राजकुलो र मोटर बाटो, दक्षिण पाँचखाल नगरपालिका यति चार किल्ला भित्रको साबिक पाँचखाल गा. वि. स. वडा न ५ ( हाल पाँचखाल नगरपालिका वडा नं. ३ ) कि. नं. ३२६ को ३१ -११-००- १/२ ( एकतिस रोपनी एघार आना आधा दाम ) जग्गा मध्ये दक्षिण तर्फ प्रथम पक्षको भोगमा रहने र उत्तर तर्फ ११ रोपनी जग्गा र सो ११ रोपनी जग्गाको पश्चिम तर्फ रहेको ऐतिहासिक महत्वको पुरानो भवन, केन्द्र भागमा रहेको वि.स. २०३२ सालमा निर्मित तीन तले पहेंलो भवन र पूर्वमा रहेको बाटोको पुर्वतर्फ रहेका २ वटा भवनहरु समेत भाडामा लिन दिन दुवै पक्षको मन्जुरी रहेको छ ।

२. प्रथम पक्षको भोगाधिकारमा रहेको उक्त जग्गा तथा भवनहरू दोस्रो पक्षले भाडामा लिए वापत मासिक वहाल कर बाहेक प्रतिरोपनी रु १५,०००/- का दरले जम्मा रु १,६५,०००/- र तीनतले भवन लगायतका संरचना को बहाल मासिक रु १५,०००/- गरि मासिक जम्मा रु १,८०,०००/- (अक्षरुपी रु. एक लाख असी हजार मात्र) दोस्रो पक्षले प्रथम पक्षको बैंक खातामा जम्मा गरी लिन/दिन दुबै पक्षको मन्जुरी रहेको छ । बहाल कर दोश्रो पक्ष स्वयंले तिर्नु पर्नेछ र सो को रसिद तथा बिलको एक प्रति प्रतिलिपी दोस्रो पक्षले प्रथम पक्षलाई यथासमयमा बुझाउनु पर्नेछ ।

३. यो करारनामा लागू भएको मितिले ७ (सात) दिनभित्र प्रथम पटक ३ (तीन) महिनाको एकमुष्ठ भाडा वापतको अग्रिम रकम रू. ५,४०,०००/- (अक्षरुपी पाँच लाख चालीस हजार मात्र) दोस्रो पक्षले प्रथम पक्षको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ । तत्पश्चात प्रत्येक तीन महिनाको अग्रिम भाडा वापतको रकम हरेक त्रैमासको पहिलो हप्ता भित्र बैंक खातामा दोस्रो पक्षले जम्मा गर्नु पर्नेछ । प्रत्येक २ वर्षमा १० (दश) प्रतिशतका दरले बहाल रकममा स्वत: वृद्धि हुँदै जानेमा हामी दुबै पक्ष मन्जुर गर्दछौं ।

४. शर्त बमोजिम दोस्रो पक्षले समय भित्र भाडा जम्मा नगरेमा पहिलो १ महिना भित्र बुझाउनु पर्ने भाडा रकममा ५ (पाँच) प्रतिशत थप गरी मासिक बहाल रकम बुझाउनु पर्नेछ । सो १ महिना काटी/नाघी अर्को महिनाको मसान्त भित्र पनि दोस्रो पक्षले बहाल रकम नबुझाएमा २ महिनाको

बहाल रकममा १० (दश) प्रतिशत थप गरी हुने एकमूष्ठ बहाल रकम प्रथम पक्षलाई बुझाउनु पर्नेछ । यसरी दोस्रो पक्षले भाडा बुझाउने समय ३ (तीन) महिना व्यतित हुँदा पनि नबुझाएमा बुझाउनु पर्ने तीन महिनाको बहाल रकममा २५ (पच्चिस) प्रतिशत थप गरी एकमूष्ठ बहाल रकम बुझाउनु पर्नेछ । तर ३ महिना उप्रान्त ६ महिनाको अवधि भित्र पनि दोस्रो पक्षबाट बहाल रकम नबुझाई तिर्न बाँकी बक्यौता रहेमा बुझाउनु पर्ने बहाल रकममा ५० (पचास) प्रतिशत वृद्धी गरी हुने सम्पूर्ण बहाल रकम प्रथम पक्षलाई दोस्रो पक्षले बुझाउनु पर्नेछ । तर ६ महिना सम्म पनि प्रथम पक्षलाई बहाल रकम नबुझाएमा दोस्रो पक्षले यो करार स्वत: भङ्ग गरेको मानिनेछ र दोस्रो पक्षको घरघराना जायजेथाबाट सो बाँकी रकम असुल उपर गर्ने कानूनी अधिकारका साथै सम्झौता बमोजिमको जग्गा वा सो मा प्रथम पक्षको मन्जुरीमा दोस्रो पक्षद्वारा निर्मित सम्पूर्ण भौतिक संरचनाहरुमा प्रथम पक्षको हकाधिकार एवं भोगाधिकार निर्विवाद कायम हुनेछ ।

५. प्रथम पक्षको भोगमा रहेको उक्त जग्गा तथा भवनहरूमा जडान गरिएका पानी, बिजुलीबत्ती, ढल लगायतको सम्बन्धित निकायमा तिर्न पर्ने सम्पूर्ण कर तथा महशुल दोस्रो पक्षले तिरी सो को रसिद तथा बिलको एक प्रति प्रतिलिपी दोस्रो पक्षले प्रथम पक्षलाई यथासमयमा बुझाउनु पर्नेछ ।

६. दोस्रो पक्षले प्रथम पक्षको भोगमा रहेको उक्त जग्गा तथा भवनहरूमा लिखित सम्झौता गरि आवश्यक संरचना तथा भवन निर्माण गर्न सक्नेछ तर करारको अवधि समाप्त भई वा अन्य कुनै कारणले अन्त्य भएको अवस्थामा दोस्रो पक्षले निर्माण गरेका भवन लगायतका सम्पत्तिमा प्रथम पक्षको स्वत: हक स्वामित्व रहने छ ।

७. प्रथम पक्षले बहालमा उपलब्ध गराएको जग्गामा दोस्रो पक्षबाट कुनै प्रकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले प्रतिवन्धित गरेका काम कारवाहीहरु गर्न गराउन पाउने छैन । यदि कानून विपरितका काम कारवाही गरेमा सो को न्यायिक जवाफदेहीता जिम्मेवारी दोस्रो पक्ष स्वयंले नै वहन गर्नुपर्ने छ ।

८. दोश्रो पक्षले उपभोग गर्ने भवन, टहरा लगायतका भौतिक संरचना दोस्रो पक्ष स्वयंले अनिवार्य बिमा गर्नु पर्ने छ ।

९. यो सम्झौता लागु भएपछि नेपाल बाल संगठनद्धारा सञ्चालित बाल गृहहरुमा संरक्षित बालबालिका मध्ये कम्तिमा २ (दुई) जना बालबालिकालाई अनिवार्य रुपमा प्रथम पक्षको अध्यक्षको सिफारिशमा दोस्रो पक्षद्धारा सञ्चालित बिषयहरुमा कक्षा _ १२ उत्तिर्ण गरेका विद्यार्थीलाई शैक्षिक कार्यक्रममा अध्ययनको लागि पूर्ण छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

१०. प्रथम पक्षको उत्थान र प्रगतिका लागि दोस्रो पक्षले अन्य संभावित संस्थाहरुसंग समेत सहकार्यको वातावरण निर्माण गर्नको लागि यथासक्य सहयोग गर्नेछ ।

११. उक्त जायजेथा तथा भवनहरू छोड्न छोडाउन परेमा कारण सहित १ (एक) महिनाको पूर्व लिखित जानकारी दिनुपर्नेछ वा गोरखापत्र दैनिकमा सूचना प्रकाशित गर्नु पर्नेछ ।

१२. प्रस्तुत करारको अवधि यस करार सम्झौता पत्रमा हस्ताक्षर भएको मितिले १० (दश) वर्ष सम्म कायम रहने छ । दुबै पक्षको सहमतिमा सम्झौता पुनरावलोकन गरी करारका शर्तहरुमा हेरफेर गर्न सकिने छ ।

१३. दोश्रो पक्षले प्रथम पक्षको भोगमा रहेको उक्त कि. नं. ३२६ मा रहेको बालबालिकाहरुको साविक आवास भवनमा तला थप गर्न वा ५ कोठाको भवन करार लागू भएको मितिले ६ महिना भित्रमा सम्पन्न गरी सक्नु पर्नेछ । साथै बाल गृह परिसरलाई सुरक्षित बनाउन वरिपरि सुरक्षित हुने गरी घेरावार वा पर्खाल लगाइदिनु पर्नेछ ।

१४. पुरानो ऐतिहासिक महत्वको भवन हाल जिर्ण अवस्थामा रहेको हुँदा त्यसलाई उचित मर्मत तथा सम्भार गरी दोश्रो पक्षले प्रयोग गर्नु पर्नेछ ।

१५. यो करारनामा मुलुकी देवानी संहिता, २०७४ को भाग-५ मा उल्लेखित करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था आकर्षित हुनेछ ।

१६. यो करारनामा गर्ने पक्षहरुले करार गर्न अख्तियार प्राप्त गरेको निर्णय आदान/प्रदान गर्नु पर्नेछ ।

१७. दुवै पक्षले करारनामामा हस्ताक्षर गरेको मितिबाट यो करारनामा लागू हुनेछ ।

**प्रथम पक्ष**
हस्ताक्षर :......................
विद्या उपाध्याय न्यौपाने
अध्यक्ष, नेपाल बाल संगठन
(केन्द्रीय कार्यसमिति)

**दोस्रो पक्ष**
हस्ताक्षर:......................
प्रा .डा. मनिष पोखरेल
डिन, स्कूल अफ इन्जिनियरिङ,
(काठमाडौं विश्वविद्यालय)

इति सम्बत २०८० साल २४ गते रोज १ शुभम्........।

**साक्षीहरु**

१. प्रा. डा. जनार्दन लामिछाने, डिन, स्कूल अफ साइन्स, काठमाडौं विश्वविद्यालय

२. श्री सविता लम्साल, नि. प्रमुख कार्यकारी अधिकृत, नेपाल बाल संगठन, केन्द्रीय कार्यालय

**समुपस्थिती**

| | |
|---|---|
| प्रा. डा. भोला थापा, उपकुलपति, काठमाडौं विश्वविद्यालय | श्री महेश खरेल, प्रमुख, पाँचखाल नगरपालिका पाँचखाल, काभ्रे |
| प्रा. डा. अच्यूतप्रसाद वाग्ले, काठमाडौं विश्वविद्यालय | श्री जीवन प्रभा लामा, महासचिव, नेपाल बाल संगठन |